प्रदेश सरकार, प्रदेश नं.३

# आर्थिक मामिला तथा योजना मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

## कार्यालय सामानहरु खरिद गर्ने सम्बन्धी बोलपत्र आह्वानको सूचना

**(सूचना नं. MOEAP3- 01/075/76**

**(प्रकाशित मिति २०७५।०५।०२)**

यस मन्त्रालयको लागि तपसिलमा उल्लिखित सामानहरु आपूर्ति गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक संस्था, सप्लायर्स, फर्म/कम्पनीहरूबाट शिलबन्दी बोलपत्र आह्वान गरिएको छ।

१. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३०औं दिन (कार्यालय समय भित्र) सम्म रु.३,०००।- (फिर्ता नहुने गरी) नगदै बुझाई सोको सक्कल रसीद, अद्यावधिक नविकरण गरेको इजाजतपत्र, मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र र आ.व. २०७३/७४ को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला विवरणको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि निवेदन साथ संलग्न गरी स्वयं बोलपत्रदाता उपस्थित भई यस मन्त्रालयको भण्डार शाखाबाट खरिद गर्न सकिनेछ।

२. बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ।

३. बोलपत्र फाराम दर्ता गर्दा खामको बाहिर श्रीमान् सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय लेखी सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिन मध्याह्न १२:०० बजेसम्म यस मन्त्रालयमा दर्ता गराउन सकिनेछ। यसरी दर्ता हुन आएका बोलपत्र फारामहरू ३१औं दिनको अपराह्न २:०० बजे यस मन्त्रालयमा बोलपत्रदाता वा निजका प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न कुनै बाधा हुनेछैन।

४. बोलपत्र खरिद र दर्ता गरिने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उल्लिखित कार्यहरु लगत्तै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

५. बोलपत्रदाताहरूले आफूले कबोल गरेको दररेट बोलपत्र फारामको प्रत्येक इकाई महल तथा जम्मा महलको अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेखिएको हुनु पर्नेछ। अंक र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ। बोलपत्र फारामको महलहरु नभरेमा फाराम मान्य हुने छैन।

६. बोलपत्र फाराम साथ जमानत बापत तोकिएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय मकवानपुरको एकल धरौटी खाता नं. १३००२०२००००००१ (यस मन्त्रालयको कार्यालय कोड ३१-३३२-०१ मा जम्मा गरेको दोस्रो प्रति बैंक भौचर दाखिला गरेको वा मान्यता प्राप्त बैंकबाट यस मन्त्रालयको नाममा जारी गरिएको बोलपत्र खोलेको मितिबाट कम्तिमा १२० दिनसम्म मान्य अवधि भएको बिडबण्ड (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ।

७. विगत ३ वर्षको माल सामान र सम्वद्ध सेवाहरुको आपूर्ति सम्बन्धी कार्यानुभव प्रमाणपत्र तथा अन्य आवश्यक प्रमाणहरु पेश गर्नु पर्नेछ।

८. प्राप्त बोलपत्रहरू स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघी आएका बोलपत्रहरू उपर कुनै कार्यबाही गरिने छैन।

९. बोलपत्र सम्बन्धी सूचना यस मन्त्रालयको website moeap.p3.gov.np मा समेत हेर्न सकिनेछ। साथै थप जानकारी आवश्यक परेमा यस मन्त्रालयको टेलिफोन नं. ०५७-५२७५१८ मार्फत पनि बुझ्न सकिनेछ। अन्य कार्यविधिहरू सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) अनुसार हुनेछ। बोलपत्र सम्बन्धी अन्य व्यवस्थाहरु बोलपत्र फाराममा उल्लेख भएको विशेष शर्त तथा साधारण शर्तहरुमा उल्लेख भए बमोजिम हुनेछ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | विवरण | जमानत रु. |
|---|---|---|---|
| ०१ | MOEAP3-01/075.76 | कार्यालय सामान सप्लाई र छपाई समेत | रु.७५,०००।- |